नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२००४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

## जिल्ला प्रशासन कार्यालय, म्याग्दीबाट जारी गरिएको अत्यन्त जरुरी सूचना !

विश्वभर फैलिदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नेपालमा पनि तीव्रगतिमा बढिरहेको र छिमेकी जिल्लाहरुमा समेत यसको संक्रमण बढ्दै गईरहेको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०१/०६ को निर्णय कार्यान्वयन सन्दर्भमा मिति २०७८/०१/०८ मा बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठकको निर्णयानुसार तपसिल बमोजिम गर्नु/गराउनु भई विगतमा झैं कोभिड-१९ रोकथाम, नियन्त्रणमा सहयोग गरिदिनुहुन सम्पूर्ण म्याग्दीवासीहरुमा अनुरोध गर्दै यो सूचना जारी गरिएको छ।

तपसिल

१. सिनेमा हल, सभा, आमसभा, जुलुस, खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रमहरु २०७८ साल वैशाख मसान्तसम्म बन्द गर्ने।

२. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी २०७८ साल वैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने।

३. पसल, व्यवसाय, सपिङ मल, डिपार्टमेण्टल स्टोर, होटल र रेष्टुरेन्ट निम्न मापदण्ड पालना गरेर मात्र सञ्चालन गर्ने।
   - कुनै पनि सामान अनावश्यक नछुने,
   - मास्क अनिवार्य प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने,
   - कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पन्जा लगाउने,
   - सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,
   - कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नुपर्ने, सेनिटाइजरको व्यवस्था गर्नुपर्ने,
   - होटल तथा रेष्टुरेण्टलाई नियमित रूपमा निसंक्रमित गर्नु पर्ने,
   - होटल तथा रेष्टुरेण्टहरु बेलुका ८ बजेसम्म सञ्चालन गर्ने,
   - जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने,

४. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा साँस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।

५. सभा, सम्मेलन, गोष्ठी सेमिनार, समीक्षा, बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थित गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने र जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।

६. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा निम्न मापदण्ड पालना गरेर मात्र गर्ने।
   - सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,
   - सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,
   - सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,
   - चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,
   - सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्नु पर्ने,
   - सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,
   - मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,
   - लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको नाम, सम्पर्क नं., आएको र पुग्ने स्थान समेतको विवरण उपलब्ध गराउने।

७. बाहिरबाट आउने यात्रुहरुमा लक्षण नदेखिएको भएपनि कम्तिमा १० दिन घरमा सुरक्षित रुपमा क्वारेन्टाइनमा बस्ने।

उल्लेखित सूचनाको अवज्ञा गर्नेहरुलाई संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारबाही गरिने व्यहोरा समेत सूचित गरिन्छ।

"स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन"

२०७८।१।८
गणेश बहादुर अधिकारी
प्रमुख जिल्ला अधिकारी